कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: २१ | वि.सं. २०८१ बैशाख २२ शनिवार | नेपाल संवत: ११४४, वैशाख कृष्ण एकादशी | Saturday 4 May. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# सुविधा सम्पन्न अस्पतालमै जोगिँदैन आमाको ज्यान

- प्रदेश अस्पतालमा एक वर्षको अवधिमा नौ जना सुत्केरीको मृत्यु
- विशेषज्ञबाट पोष्टमार्टम गराउन अदालतको आदेश

**ओम शाही**

**सुर्खेत, २१ वैशाख ।**

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले भन्छ, 'कर्णाली नेपालमै सबैभन्दा धेरै मातृमृत्युदर भएको प्रदेश हो ।' कर्णालीमा अझै पनि राष्ट्रिय र अन्य प्रदेशको तुलनामा मातृ मृत्युदर एक सय ७२ रहेको जनगणनाको तथ्यांकले देखाउँछ।

दीगो विकासको लक्ष्य अनुसार सन् २०३० सम्म कर्णालीको मातृ मृत्युदर ७० मा झार्ने गरी सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरुले काम गरिरहेको दाबी गरिरहेका छन्। तर, प्रदेशमा भौगोलिक रुपले मात्रै होइन सुविधा सम्पन्न अस्पताल र दक्ष जनशक्ति उपलब्ध भएका भनिएको सुर्खेतस्थित कर्णाली प्रदेश अस्पतालमै सुत्केरी हुन पुग्ने ठुलो संख्यामा महिलाले ज्यान गुमाउने गरेको तथ्य सार्वजनिक भएको छ।

यो तथ्यांकले अस्पताल भन्दा घरमा सुत्केरी हुनेहरु सुरक्षित हुन्छन् भन्ने भाष्य स्थापित गराईदिने संकेत गरिरहेको छ। गर्भवतीदेखि सुत्केरी हुँदासम्मको अवधिमा अस्पताल नगई घरमै सुत्केरी गराउँदा मृत्यु हुने महिलाको कुल संख्यामा २६ प्रतिशत रहेको तथ्यांक बोल्छ।

सुर्खेतमा सुत्केरी गराउन अस्पताल लैजादै गर्दा बाटोमा १७ प्रतिशत महिलाको मृत्यु हुने गरेको जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतकी जनस्वास्थ्य नीरिक्षक अन्जना भण्डारी बताउँछिन् । उनी भन्छिन् 'चालु आर्थिक वर्षको नौ महिनाको अवधिमा सुत्केरी हुन कर्णाली प्रदेश अस्पतालमा पुगेका नौ जना महिलाले ज्यान गुमाएका छन्।' गत आर्थिक वर्षमा प्रदेश अस्पताल सुर्खेतमा सुत्केरी हुन आएका तीन जना सुत्केरीले ज्यान गुमाएका थिए। चालु आर्थिक वर्षमा मृत्यु भएका सुत्केरीमा दुई जना सुर्खेत जिल्लाका रहेका छन् भने सात जना अन्य जिल्लाका रहेका छन्।

प्रसवोत्तर (सुत्केरी भएको ४२ दिनसम्मको अवधि) समयमा ६१ प्रतिशत, गर्भावस्थाको समयमा ३३ प्रतिशत र सुत्केरी अवस्थामा ६ प्रतिशत महिलाको ज्यान जाने गरेको जनस्वास्थ्य कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांक उल्लेख छ। यस्तै, सुर्खेतमा कोभिड-१९ को समयमा १५ प्रतिशत महिलाको मृत्यु भएको उनले बताइन। प्रदेश मुकाम सुर्खेत जिल्लाको यो उदेक लाग्दो स्वास्थ्य सेवाले समर्ग कर्णाली प्रदेशको स्वास्थ्य व्यवस्थापन प्रणालीको प्रतिनिधित्व गर्दछ।




## अस्पताल पुगेपछि किन हुन्छ सुत्केरीको मृत्यु

सुत्केरीका समयमा अस्पतालको पहुँचमा पुगेका महिलाको मृत्यु हुनुमा विविध कारण रहेको बताउँछिन जनस्वास्थ्य नीरिक्षक भण्डारी। अस्पतालमा सुत्केरीको मृत्यु हुनुको पहिलो कारण प्रसुति अवस्थामा आउने जटिलता रहेको उनी बताउँछिन्।

सुविधा सम्पन्न भनिएको भएपनि प्रसुतिका समयमा अस्पतालमा औषधीको अभाव, दक्ष प्रसुतिकर्मी नहुनु, भएकालाई पनि पर्याप्त तालिम नदिइनु, मापदण्ड अनुसारका प्रसुति गृह नहुनु, समयमा अस्पताल नपुऱ्याईनु, प्रसुति सम्बन्धि आवश्यक औजार नहुनु तथा उपचारमा अस्पतालको लापरवाहीले प्रसुति अवस्थामा सुत्केरीको मृत्यु हुने गरेको भण्डारी बताउँछिन्। समुदायस्तरमा सुरक्षित प्रसुति सेवाका बारेमा आवश्यक जनचेतना नहुनुले जटिल अवस्थापछि मात्र अस्पताल लिने पुऱ्याउने प्रवृत्तिका कारण पनि अस्पतालमा सुत्केरीको ज्यान जाने गरेको उनको भनाई छ। भण्डारीलाई आधार मान्ने हो भने भौतिक संरचनासहित पर्याप्त स्रोत साधन र जनशक्ति भएको प्रदेश अस्पतालमा प्रसुतिका समयमा महिलाको मृत्यु हुनुको प्रमुख कारण अस्पतालको लापरवाही रहेको आरोप लाग्दै आएको छ।

## आमा सुरक्षाका लागि यस वर्ष गरिएका प्रयास

जिल्ला जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतले चालु आर्थिक वर्षमा प्रसुति सेवा सुधारमा विभिन्न कार्यक्रमहरु गरेको जनाएको छ। जस अन्तर्गतल स्वास्थ्य कार्यालयबाट स्थानीय तहमा आमा सुरक्षा, एसएनसियु, मातृ सुरक्षा चक्की, एमपिडीएसआर, भिए लगायत कार्यक्रमको अनसाइट कोचिङ्ग, मेन्टरिङ्ग तथा अनुगमन गरिएको छ। समुदायस्तरमा एमपिडीएसआर कार्यक्रमको निरन्तरता तथा विस्तार, क्लिनिकल कोचिङ्ग मेन्टरिङ्ग कार्यक्रम, एमजिएसओ-४, क्लालसियम गुल्कोनेट, भिटामिन के-१, मिसोपोस्टल लगायतका लागि आवश्यक औषधी खरिद गरेको जनस्वास्थ्य नीरिक्षक भण्डारीले बताइन।

यस्तै, स्थायी बन्ध्याकरणपूर्वको अन्तरक्रिया संचालन, स्थायी बन्ध्याकरण तथा लामो अवधिको परिवार योजना सेवा तथा जटिलता व्यवस्थापन, सायना प्रेस सेवा विस्तार, परिवार योजना सेवाको सुदृढिकरण, बर्थिङ्ग सेन्टरका लागि आवश्यक औजार उपकरण खरिद, प्रेषण लगायतका कार्यक्रम गरिएको भण्डारीले बताइन।

## उमेर नपुग्दै आमा हुनेहरुको संख्या बढ्दै

चालु आर्थिक वर्षमा सुर्खेत जिल्लाभर २० दशमलव चार प्रतिशत २० वर्ष मुनिका किशोरी सरकारी स्वास्थ्य संस्थामा गर्भवती भएका छन्। गत आर्थिक वर्षमा यो संख्या १९ दशमलव ६ प्रतिशत रहेको तथ्यांकले देखाउछ।

सुर्खेतका नौ वटा स्थानीय तहरु मध्ये सिम्ता गाउँपालिकामा धेरै बालविवाह हुने गरेको पाइएको छ। चालु आर्थिक वर्ष २०८०/०८१ को चैत मसान्तसम्म सिम्तामा ३४ दशमलव चार प्रतिशत २० वर्ष मुनिका किशोरी स्वास्थ्य संस्थामा सुत्केरी भएका छन्। गत आर्थिक वर्ष २०७९/०८० मा यो संख्या ३४ दशमलव ६ प्रतिशत रहेको थियो।

यस्तै, भेरीगंगा नगरपालिकामा अघिल्लो आर्थिक वर्षमा २३ दशमलव एक प्रतिशत उमेर नपुगेका किशोरीहरु सुत्केरी भएकोमा चालु आर्थिक वर्षमा यो संख्या बढेर ३३ दशमलव ६ पतिशत पुगेको छ।

पूर्वि सुर्खेतको गुर्भाकोट नगरपालिकामा गत आर्थिक वर्षमा ३२ दशमलव चार प्रतिशत उमेर नपुगेका किशोरीहरु सुत्केरी हुन अस्पताल आएकोमा चालु आर्थिक वर्षको हालसम्म २९ दशमलव तीन प्रतिशत किशोरी सुत्केरी भएका छन्। त्यस्तै चिङ्गाड गाउँपालिकामा ३२ दशमलव तीन, लेकवेशी नगरपालिकामा ३० शलमलव सात, वीरेन्द्रनगर नगरपालिका १६ दशमलव चार, बराहताल गाउँपालिकामा ३० दशमलव दुई, पञ्चपुरी नगरपालिका १४ दशमलव पाँच र चौकुने गाउँपालिकामा २९ प्रतिशत किशोरीहरु उमेर नपुगी सुत्केरी हुने गरेको सरकारी तथ्यांकले बोल्छ।

यो तथ्यांक सरकारी स्वास्थ्य संस्थामा आएर सुचिकृत भएकाहरुको मात्रै हो। अस्पताल नआएर घरमै सुत्केरी हुने किशोरीको एकिन तथ्यांक भने सार्वजनिक गर्न चुनौती छ। प्रदेश राजधानी जिल्लाकै यो अवस्थाले समर्ग कर्णाली प्रदेशकै बालविवाहको कुरुप तथ्यांक चित्रित गर्दछ।

## प्रदेश अस्पतालमा भीमाको मृत्यु प्रकरण

जिल्ला अदालत सुर्खेतले प्रदेश अस्पतालको लापरवाहीले मृत्यु भएको भनिएकी दैलखकी भीमा गुरुङ्गको शवलाई फरेन्सिक मेडिसिनका विशेषज्ञबाट शव परीक्षण (पोष्ट मार्टम) गराउन आदेश दिएको छ।

दैलेखको आठबिस नगरपालिका- ५, पीपलकोटकी २२ वर्षीया भीमा गुरुङका आफन्तले न्याय नपाएको भन्दै १६ बैशाखमा अदालत पुगेका थिए। मृतकका ससुरा धन मगरले अन्तर्कालिन आदेश माग गर्दै जिल्ला अदालत सुर्खेतमा निवेदन दर्ता गराएका थिए।

अदालतमा दायर भएको मुद्दामा कर्णाली प्रदेश अस्पतालका निर्देशक डा. डम्बर खड्का, उपचारमा संलग्न डा. ललितजङ्ग शाहीलगायतलाई विपक्षी बनाइएको थियो। उक्त निवेदन उपर सनुवाई गर्दै अदालतले निवेदनमा उठाएको विषयवस्तुको गम्भीरता र संवेदनशीलतासमेतलाई हेर्दा मृतक भिमा गुरुङ्गको शव परीक्षण (पोष्ट मार्टम) फरेन्सिक मेडिसिनका विशेषज्ञबाट यथाशीघ्र गर्नु उचित देखिएको बताएको छ।

'कर्णाली प्रदेश अस्पतालमा कार्यरत चिकित्सक बाहेक फरेन्सिक मेडिसिनका विशेषज्ञ चिकित्सकलाई र मृतकको १ जना प्रतिनिधिलाई संलग्न नगराई मृतकको शव परीक्षण गर्ने कार्य नगर्नु, नगराउनु भनी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ र जिल्ला अदालत नियमावली, २०७५ को नियम ३४ बमोजिम अन्तरकालीन आदेश जारी गरिदिएको छ।' शुक्रवार जारी अदालतको फैसलामा भनिएको छ।

साथै यस अदाललतबाट ८ बैशाखमा फिरादी, निजको छोरा, मृतकका पति, फिरादीका आफन्त र सहयोगीलाई सुरक्षाको आवश्यक प्रवन्ध मिलाउनु भनि जारी भएको अल्पकालिन अन्तरकालीन आदेशलाई निरन्तरता दिन अदालतले भनेको छ। गत २८ चैतमा सामान्य पेट दुखाइसम्बन्धी समस्या भई हिंडेर

बाँकी ४ पेजमा

WFP World Food Programme

**EXPRESSION OF INTEREST**

**(सूची दर्ता सम्बन्धमा)**

**First Date of Publication: 04th May 2024**

The **United Nations World Food Programme (WFP)**, Nepal Country Office is in the process of developing a roster of licensed local contracting companies for 'horizontal' & 'vertical' construction in Lumbini and Karnali provinces of Nepal. Construction projects may include but not be limited to construction and/or rehabilitation of school infrastructure, buildings, bridges, roads & trails, ground preparation works, solar panel installation, etc. Please note that all design and/or construction must be in accordance with the norms prescribed by DOE/DOR/DUDBC and the various national and international construction codes.

Interested companies are requested to send email at nepal.procurement@wfp.org to receive the standard template for submission of an Expression of Interest (EOI).

The EOI form is to be completed and a pdf copy submitted electronically through a dedicated email address at nepal.procurement@wfp.org clearly labeled **"Submission of EXPRESSION OF INTEREST for horizontal & vertical construction in Lumbini and Karnali provinces of Nepal"** (in English), no later than **24 May 2024 (17:00 hrs Nepal Standard Time)**.

Address: **UN World Food Programme, Ekantakuna Road, Bhanimandal, Lalitpur, Nepal**

*UN World Food Programme reserves the rights to register or reject applications at any time, without thereby incurring any liability to applicants.*

## अस्पतालमा सुत्केरी हुनेको संख्यामा बृद्धि

पछिल्लो समय सुर्खेत जिल्लाभर अस्पतालमा सुत्केरी हुनेहरुको संख्या बढ्दै गएको छ। सरकारी स्वास्थ्य संस्थामा प्रसुती सेवा थप हुनु र राज्यले प्रोत्साहनवापतको रकम दिन थालेपछि अस्पतालमा सुत्केरी हुनेहरुको संख्या बढ्न थालेको जिल्ला जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतकी जनस्वास्थ्य नीरिक्षक अन्जना भण्डारी बताउँछिन्।

सरकारले नियमित स्वास्थ्य संस्थामा जाँच गराउन तथा सुत्केरी हुन आएका महिलालाई प्रोत्साहन रकम प्रदान गर्दै आएको छ। भण्डारीका अनुसार गत आर्थिक वर्षमा ७९ दशमलव एक प्रतिशत महिलाहरु सरकारी स्वास्थ्य संस्थामा सुत्केरी भएकोमा चालु आर्थिक वर्षमा यो संख्या बढेर एक सय २४ दशमलव ६ प्रतिशत पुगेको छ।

पालिकागत तथ्यांक हेर्ने हो भने सबैभन्दा धेरै वीरेन्द्रनगर नगरपालिकामा दुई सय ७५ दशमलव तीन प्रतिशत महिलाहरु अस्पतालमा सुत्केरी भएका छन्। गत आर्थिक वर्षमा यो संख्या एक सय ५६ दशमलव सात प्रतिशत थियो। पश्चिम सुर्खेतको चौकुने गाउँपालिकामा अझै पनि अस्पतालमा सुत्केरी हुने महिलाको संख्या बृद्धि हुन नसकेको तथ्यांकले देखाउछ। यस पालिकामा गत आर्थिक वर्षमा

बाँकी ३ पेजमा

## चुनौतीका बिच सुधारमा लागि परेका छौं : निर्देशक खड्का

संघीयतको अभ्यासपछि सिर्जना भएको चुनौतिका बिच कर्णालीको स्वास्थ्य प्रणालीलाई गुणस्तरिय र सर्वसुलभ बनाउन दिनरात लागि परेको बताउँछन् कर्णाली प्रादेशिक स्वास्थ्य निर्देशनालयका निर्देशक डा. रविन खड्का। कर्णालीको स्वास्थ्य सेवामा आफ्ना १० वर्षे सिकाई र भोगाईले विस्तारै सुधारको लय समाउँदै जान थालेको विषयलाई बिर्सन नहुने उनी बताउँछन्। संघ, प्रदेश र स्थानीय तहलाई प्राप्त जिम्मेवारी बहन गर्न सिर्जित नीतिगत अल्झनका कारण केही हुनै पर्ने सुधारहरु भने हुन नसकेको खड्काले बताए।

संघीयताको अभ्यासपछि तालिम प्राप्त जनशक्ति स्थानीय तहमा जानुले प्रदेशतहमा सेवा प्रवाहमा थप समस्या रहेको उल्लेख गर्दै खड्काले भने, 'सरकारले दीगो विकासको रणनीति अनुसार कर्णालीका विभिन्न स्वास्थ्य सुचकहरुलाई घटाउने गरी लागि परेका छौं, सीमित स्रोत साधान, जनशक्ति तथा नीतिगत अल्झनले लक्ष्यअनुरुप प्रगति हाँसिल गर्न चुनौती छ।'

तालिम प्राप्त जनशक्ति अभावका बिच तालिम दिने तालिम केन्द्रको अभावले पनि गुणस्तरीय सेवा प्रभाहमा थप

बाँकी ३ पेजमा



यात्रा संस्मरण

# कर्णालीकी अप्सरा, रारा ताल



यज्ञ प्रसाद पराजुल
parajuli08@gmail.com





रारा तालको वारेमा धेरै पहिलेदेखी नै विभिन्न माध्यमबाट सुन्दै, वुज्दै आएको थिएँ । घुमेर आएका साथीभाईहरुले त्यो प्राकृतिक सौन्दर्यको बारेमा सुनाउँदा मनै आनन्दित हुन्थ्यो । कुनैदिन गइएला भन्ने लागेकै थिएन । मेरो सुर्खेतमै सरुवा भयो । बेलाबेलामा सहकर्मी साथीहरुसँग पनि छलफल हुँदै थियो । र त्यो दिन पनि आयो । सबै जनाको सहमती पश्चात यही २०८१ सालको बैशाख ९ गतेबाट एक हप्ताको कार्यलय विदा लिएर स्कारपियो रिजव गरी आठ जनाको टोली सुर्खेतबाट हिड्यौं ।

प्रकृतिको सुन्दर उपहार रारा ताल र हाम्रो खस भाषाको उत्पत्ति भएको स्थल जुम्लाको सिंजा भनेपछी कसको मनमा हलचल नआउला र ! त्यसैमाथी यात्रा र मनोरञ्जन भनेपछि हुरुक्कै हुने म । जुम्लाको बाटो भएर मुगुमा अवस्थित राराताल घुम्न जाने भनेपछी मेरो मन त्यसैत्यसै चङ्गा भएको थियो । त्यसमा हाम्रो सहकर्मी साथी मुगुकै हुनुहुन्थ्यो । उहाँले नयाँ नयाँ ठाउँहरु र त्यसको महत्व बुझाउँदै जाँदा हामी झन रोमाञ्चित भयौं । रारा ताल अवलोकन गर्न हाम्रो यात्रा सुर्खेत जिल्लाको राजधानीबाट सुरू भयो । दैलेख जिल्लाको रातानाङ्ला, गुराँसे, मध्यपहाडी लोकराजमार्ग छुँदै चिसापानी तल्लो डुङ्गेश्वर स्थानहरुको रमणीय दृश्यावलोकन गर्दै चुप्रा बजारमा खाना खायौ । राकमबाट कर्णालीको निलो नदीको तिरैतिर कालीकोट मान्मातर्फ लाग्यौ । हाम्रा आँखाहरु उत्साहित भईसकेका थिए । घमाइलो मौसममा पहाडी भूभागको अन्वेषण गर्दै, यसको जीवन्त वातावरणको मजा लिँदै र यसका केही स्वादिष्ट स्थानीय व्यञ्जनहरू चाख्दै हाम्रो पहिलो बास कालीकोट र जुम्लाको सिमाना नाग्ममा बित्यो ।

**● सिँजा हुँदै रारा ताल**

भोलीपल्ट जुम्ला जिल्लाको मनमोहक पहाड, नदी नेपाली भाषाको उद्गगमस्थल सिजाँको लहलह जौ झुलेको फाँट हेर्दै हिन्दा थकाईको महसुस भएन । राराताल पुग्नुभन्दा केही किलोमिटर वर सातमोड भन्ने ठाउँमा पुगेपछी गाडीले तान्न छोड्यो । केही मिटर गाडीलाई धकलेर सुरक्षित ठाउँमा राख्यौ । अर्को गाडीको व्यवस्था गरी सल्लेरी पुग्दा साँझ पर्न लागि सकेकाले दोस्रो दिनको बासको व्यबस्थातिर लाग्यौं ।

सल्लेरीबाट रारा निकुन्ज हुँदै राराताल जानुपर्ने भएकाले गाडी जान नदिने रहेछ । अशक्त, बृद्धा र इच्छा हुनेले घोडा चढेर जाने रहेछन । हिजो आइपुग्ने बित्तिकै भोली मेरो घोडामा जानुपर्छ भनेर पक्ष्याउँदै थिएँ । सिजनमा मात्र चल्ने भएकाले हो कि अन्यको तुलनामा यहाँ खाना र बासको शुल्क अत्यन्तै महँगो थियो । हामी कसैले पनि पहिला घोडा चढेका थिएनौ । बाटो धेरै लामो र अफ्ठ्यारो छ भनेर घोडावालाहरुले भने । सबैजना घोडा चढेर जाने सल्लाह भएपछि तालसम्म पुऱ्याएको पाँचसय दिनुपर्ने रहेछ । पहिलो चोटी घोडा चढेको डर पनि लाग्यो । ओहो ! छेउकुनातिर लडाउँने होकी जस्तो लागेर घोडावालालाई नछोड्न भने । विस्तारै बानी पऱ्यो । हिडेरै गएपनि बाटो सजिलो र आधा घण्टा जाति मात्र लाग्ने रहैंछ ।

बाटो अचम्मको थियो, चराहरूको चहकिला र भुइँमा झरेका पातहरूको खस्रो आवाजले यात्रामा साथ दिइरहेको थियो । कतै उकालो र केहीसम्म बाटोमा ठाउँठाउँमा प्रकृतिको रसोस्वादन गर्दै फोटो खिच्दै करिब एक घण्टाको घोडा यात्रापछि हामीले तालको पहिलो झलक देख्यौं । विशाल उपत्यकाभित्र पानीपानीले डम्म भरिएको ताल देख्दा हामी आश्चर्य चकित भयौ । यही हो रहेछ नेपालको सबैभन्दा ठूलो ताल अर्थात् राराताल । एक मनमोहक अनि रोमाञ्चक क्षण थियो र तालको शान्तता, रङ्ग र सौन्दर्य वर्णन गर्न शब्दहरू कम परिरहेका थिए । कसको क्यामराले राम्रो फोटो खिच्छ भन्दै साथीहरु तालालाई पृष्ठभूमी पार्दै फोटो खिच्न र टिकटक बनाउन लाग्नुभयो ।

**● राराको सौन्दर्य र पर्यटकको भिड**

नेपाल विविध परिदृश्यको देश हो, जहाँ अग्ला हिमालहरू, रमणीय वन र शान्त तालहरू छन् । देशको पश्चिमी भेगको मुगु जिल्लामा अवस्थित रारा ताल आफ्नो मनमोहक सौन्दर्यले हरेक पर्यटकलाई चकित पार्ने रत्न हो । देशकै सबैभन्दा ठूलो राराताल रारा राष्ट्रिय निकुन्जभित्र अवस्थित एक प्राकृतिक आश्चर्य हो । हरियो जङ्गलले घेरिएको र त्यही हरियालीलाई आफ्नो स्पष्ट पानीमा प्रतिबिम्बित गर्दै ताल कर्णाली प्रदेशको अप्सरा बनेर बसेको छ ।

हाम्रो होटल तालको अर्को छेउमा भएकोले हामीले दायाँतिरको किनारबाट पुन घोडामा गयौ । देब्रेतिरको एकटकले हेरिरहूँ लाग्ने सुन्दर दृश्यसँग सँगै तालमा पुग्न बगिरहेका साना र सफा खोलाहरू तर्दै हामी किनारै किनार हिंडिरह्यौं, र त्यो यात्रा हामीले अहिलेसम्म लिएको सबैभन्दा अविस्मरणीय यात्रामा परिणत भयो । नेपालको सबैभन्दा ठूलो तालको दाहिने तर्फको आधा पाटो फनक्कै घुम्दा केही घण्टा हिंड्नुपर्थ्यो तर वरपरका पहाडहरू अनि त्यसको प्रतिबिम्बको मोहिनी दृश्यले केहीघण्टा बितेको पत्तै पाइएन । ठाउँठाउँमा क्यामराले ग्रुपमा र कहिले एक्लै कैद गर्दै बिहानको झण्डै झण्डै मध्यान्नमा हामी होटल पुग्यौं, थकित तर एकै समयमा रोमाञ्चित मुद्रामा । होटल, जङ्गल र ताल किनाराको बीचमा बसेको एउटा शान्त आश्रयस्थल थियो । हामी होटलमा पुगेर झोला बिसायौं । कोठाम वा टेन्टमा बस्न पाइने रहेछ । हामी टेन्टमा बस्ने सल्लाह गर्यौ । केही सानो जस्तो देखिए पनि टेन्टभित्र राम्रो र आरामदायक थियो । खाना अर्डर गरेर खायौं । ताल ओरीपरी घुम्दा घुम्दै साँझ परेको पत्तै पाइएन । रात नजिकिँदै गर्दा वातावरण चिसिन थाल्यो । साँझको खाना खाने बेलासम्म आगोको वरिपरि झुम्मियौं । 'मार्सी' नामको स्थानीय भात र अन्य नियमित नेपाली परिकार खुवाइयो, जुन अद्बितीय थियो । बेलुकीको खाना खाइसकेपछि, हामी आ-आफ्नो टेन्टमा फर्कियौं ।

भोलिपल्ट नजिकैको 'मुर्मा टप' भनेर चिनिने पहाडसम्म हिँड्नु थियो, जुन रारा ताल र वरपरका पहाड र हिमालहरूको मनोरम दृश्यहरूका लागि लोकप्रिय हिल स्टेसन हो । घाम उदाउँदै गर्दाको न्याना र चम्किला किरणहरूले आकाशलाई चित्रित गर्दै गर्दा, हामी निद्राबाट ब्युँझियौं । आरामदायी निद्रापछिको स्फूर्ति र नवीकरण भएको ऊर्जाको साथ नयाँ दिनको सुरूआत हुँदै थियो । वरिपरि फैलिएको कोणधारी वन, पर देखिएका घाँसे मैदानहरू, अनन्तसम्म फैलिएको निलो आकाश अनि सिरसिर दौडिरहेका हावाको झोंकाहरूले वास्तवमै, त्यो बिहानीलाई सुन्दर बनाएका थिए ।

**● मुर्मा टप चुचुरोबाट**

बिहानी स्फूर्ति महसुस गरेसँगै, ब्रेक फास्टको रूपमा रोटी र तरकारी पनि तयार भयो जुन विशिष्ट ऊर्जाले भरिएको थियो । भरिएको पेट अनि उच्च मनोबलका साथ हामीले केहीछिनमै मुर्मा टपतर्फको बाटो ततायौं, जुन यात्रा हाम्रो कल्पनामा नै रमाइलो र आश्चर्यजनक रूपमा प्रस्तुत भएको थियो ।

हिँड्न नसक्ने तर मनोरम दृश्य छुटाउन नचाहने यात्रुहरूका लागि शुल्क तिरेर गर्न सकिने घोडा सवारीको व्यवस्था पनि थियो । घोडेटो बाटोमा हामी हिँडेरै अघि बढ्दै गर्दा एउटा सानो गाउँले स्वागत गऱ्यो, प्राकृतिक रूपमा गाउँ जति राम्रो थियो, त्यहाँका कष्टपूर्ण जनजीवनको भेउ पाउन खासै समय लाग्थेन । मानिसहरू आफ्नो दैनिक दुखमा व्यस्त थिए, ती मानिसहरूले प्रत्येक दिन गरिरहने पूर्ण समर्पण र कडा परिश्रमको साक्षी बन्दा हामीलाई केही छिन् रमाइलै लागे पनि सधैं त्यहीँ रहनेलाई त्यो खुशी सायदै प्राप्त हुन्थ्यो होला ।

गाउँ छिचोलेर अघि बढ्दै गर्दा पैदल यात्रा झनै रोमाञ्चक बन्दै गयो । दाहिनेतिर चियाउँदा रारा तालको दृश्य बिस्तारै देखिन थाल्यो साथसाथै हरिया जङ्गलहरू अनि केही परका सेता हिमालहरू । प्राकृतिक परिवेशको अचम्मको सौन्दर्यमा छक्क पर्दै, चराहरूको चहल पहलसँगै सुनिएको चिरबिर र रूखहरूबाट घामका किरण छिर्दा देखिएका रेखाहरूले साथ लिँदै हामी उकालो चढिरह्यौं ।

घुमाउरो र उकालो बाटोले हामीलाई पहाडमाथी लैजाँदै थियो । हाम्रो पदयात्रा जारी राख्दै गर्दा हामी निरन्तर उचाइमा पुग्दै थियौं, रूखहरू बिस्तारै पातलिँदै गए भने तालको झलक लगातार ठूलो र झनै आकर्षक हुँदै गयो । करिब तीन घण्टाको हिँडाईपछि हामी अन्ततः समुन्द्री सतहबाट ३,७२६ मिटरको उचाइमा रहेको मुर्माको चुचुरोमा पुग्यौं र त्यहाँबाट देखिने दृश्यमा मोहित भइरह्यौं । कर्णालीको मनमोहक सेरोफेरोमा अनन्तसम्म देखिएका हिमाल, पहाड र सुन्दर तालको परिदृश्यमा आँखा टोलाइरहे । करिब २ ९०० मिटरको हाम्रो होटलको आरामदायी उचाईबाट ३७२६ मिटरको अग्लो उचाइमा पुग्नु सार्थक थियो भन्ने कुरा दृश्यहरूले नै बताइरहेका थिए । रारा ताल, वरपरका कतै हरिया त कतै खाली रहेका पहाडहरू र हिउँले ढाकिएको हिमालको मनोरम र विस्मयकारी दृश्यहरू पदयात्रा पछिका ठूला इनाम थिए भने नेपालको भव्य सौन्दर्यको वास्तविक प्रमाण पनि ।

मुर्माको चुचुरोमा चिसो हावाको वेग केही तीव्र हुँदै थियो । चिसोको खासै परवाह नगरी वरिपरि पर्याप्त समय बितायौं, मनग्ये फोटोहरू खिच्यौँ अनि नजिकैको चिया पसलमा कालो चिया पिएर चुचुरोबाट ओर्लने तयारी गर्न थाल्यौं । माथिको मनोरम दृश्यहरू र उत्साहजनक अनुभवले हाम्रो आत्मालाई नवीकरण गऱ्यो, हाम्रा हृदयहरू आश्चर्यले भरिपूर्ण बनायो । ओर्लन थाले सँगै प्रस्ट देखिएका रारा ताल र हिमाली दृश्यहरू बिस्तारै ओझेल पर्दै गए । एक घण्टाभन्दा केही मात्र बढी समयमा हामी होटल आइसकेका थियौं । राराताललाई अझै प्राकृतिक रुपमा सौन्दर्य कायमै राख्न निकुन्जवाट कम्तिमा तीन किलोमिटर वरपर कुनै पनि होटल, रिसोर्ट खोल्न दिनु उपुक्त नहोला ।

**● रारा तालको बास र खाना**

होटलमा पुगेपछि, केही समयको आनन्ददायक ब्रेक लिएर खानाको तयारीमा लाग्यौं । खाना थियो उही चिरपरिचित मार्सी चामलको भात, दाल अनि तरकारी। खाना पछि, नजिकैको मैदानमा आराम लिएसँगै वरपर घोडा सवारीको मजा पनि लियौं । त्यो नेपालको उत्कृष्ट ठाउँहरूमध्ये एक ठाउँमा बिताएको गुणस्तरीय समय थियो । रात नजिकिँदै गर्दा चिसो बढ्न थाल्यो, आगोको वरिपरि बसेर गीत सुन्दै, नाच्दै गर्दा बेलुकाको खाना खाने बेला भइसकेको थियो । खानाको प्रत्येक गाँसको साथमा यात्राले हृदयमा अमिट छाप छोडेका दृश्यहरू, आवाजहरू र अनुभवहरू सम्झना भइरहन्थ्यो किनकि अर्को दिन बिहानै हामीले सो ठाउँ छोड्दै थियौं, भोलिपल्ट बिहानै सल्लेरीबाट जुम्लातर्फको यात्रा गर्दै फर्कंदै थियौं ।

मुगुको भुलभुलेबाट छुट्टिएर जुम्लाको पर्यटकीय स्थल अवलोकन गर्दै पातारासीमा नास्ता खायौं । खाली पट्मारा, पातारासीको उर्थु, हुँदै जुम्ला सदरमुकाम खलंगा बजार पुग्यौ । होटलमा झोला राखेर बिहानै सुर्खेत लाग्नु पर्ने भएकाले भिजिट कर्णालीको गाडीको टिकट काटिसकेका थियौ । बिहान घुम्न नभ्याउने भएकाले राती भएपनी घुम्नु पऱ्यो भनेर यहाँको पुरातात्विक तथा धार्मिक हिसाबले प्रसिद्ध ऐतिहासिक चन्दननाथ भैरवनाथ मन्दिर, कृष्ण मन्दिर, अग्लो डुडुल चैत्य गोम्बा र कर्णानी स्वस्थ्य विज्ञान प्रतिष्ठानको अवलोकन गऱ्यौं ।

**● जुम्लाको तातोपानी हुँदै फर्किँदा**

भोलीपल्ट बिहानै खलङ्गाबाट प्रसिद्ध तातोपानी धारा, विश्वकै अग्लो स्थानमा (२८५० मिटर) मार्सीधान फल्ने छुमचौर जिउलो हेर्दै कालिकोट तर्फ लाग्यौ । १ बजे मालाचौरमा खाना खायौ । दैलेख जिल्लाको पादुका र पाली को बिचमा आएपछी यो गाडी पनि बिग्रियो । धुलाम्वे र टन्टलापुर घाममा रोकिनु पर्दा हामी आत्यौ । केहीबेर धैर्य गरेर गुरुजीको प्रतिक्रिया बुझ्न खोज्यौ । गुरुजीले के भएको भनेर खोट्याउन नसकेपछी यताउता कताकता फोन गरेर साथीहरुलाई सोध्नुभयो । न गाडीको सामनको नाम थाहँ छ, न एउटा मार्तोल छ ! कस्ता गुरुजी हुँदारहेछन् । हामी छक्क पर्‍यौं । उहाँसँग पारनलागेपछी फेरी अर्को गाडीको व्यवस्था गर्न लगाएर राती बडीचौरको बाटो भएर ८ बजेतिर सुर्खेत आइपुग्यौ । रारा तालको सुन्दर्यको सम्झनाले हाम्रो थकाई र बाटोमा गाडी बिग्रदाको तनावलाई बिर्सिएको थियो ।

## कविता: जिन्दगी एक पेन्डुलम



बिजय मोहन सापकोटा
बढैयाताल गा.पा-२, फुटाहा, बर्दिया ।

यो जिन्दगी खै के जिन्दगी
भित्र भित्र खोक्रिएर जिउनु पर्ने,
बाहिर बाट देखावटी मुस्कान ल्याउनुपर्ने
उफ... कस्तो यो जिन्दगि ।

भक्कानिएर बेदना पोख्न नै नमिल्ने
पिडा कति छ जोख्न नै नमिल्ने,
कसैसङ्ग ऐचो पैचो गर्न नै नमिल्ने
कस्तो एक्लो -एक्लो जिन्दगी ।

अनि कसैको आसमा हुन्छु
सोच्छु उसको हरेक सासमा हुन्छु
सिरमा सजिने चाहाना बोकियो
कठै !
सबै कुरा चक्नाचुर भएर पोखियो
लाग्थ्यो जिउ ज्यान हो म कसैको
तर केथा सास नभएको ज्यान
अनि आस नभएको जिवन बन्न पुगेछु ।

तेसैले त खस्छन मोति दाना आखाबाट ,
तर बुझ्ने कस्ले अनि बुझाउने कस्लाइ आखिर मैले ,
लाग्थ्यो '..
उ छेउमा बसिदिय मात्र मेरो आधा पिडा कम हुन्छ
उस्को मुस्कान देख्दा मात्र मेरो दुख भक्कानिन्छ
उफ..
कस्तो बिडम्बना न उसलाइ मेरो छेउमा बस्न मन भो
न मेरो अनुहारले उसको मुस्कानमा मिठास ल्याउन सक्यो ।

उसलाइ सबथोक ठान्ने म
उसको एकथोक बन्न सकिन ।
त्यसैले त भक्कानिन्छ मन
अनि रन्किन्छ यो छाति
आखिर केका लागि नै रैछ र यो सब ।

मानिसहरु भन्छन जिवन जिउने तरिका धेरै छन ,
तर म सङ्ग त न तरिका छ , न जिवन ।
कायर भएर , न मर्न सक्छु
न बलवान भएर , बाच्न सकिराछु ।

पाउने भन्दा गुमाउने कुरा धेरै भो
बस नामको जिन्दगि रहयो,
एउटा जिउदो लास, सास सहित को !
कात्रो बिनाको तर, बास (दकदयय) सहित को ;)

कति लड्नु आखिर यो जिवन सङ्ग
न लड्न मन छ, न छ तागत ,
गुदि नभएपछि के काम कुनै फलको ?
मिठास नभएपछि के काम हरेक पलको ?

उफ...
कस्तो बिपरित चलिरहेको छ जिबन
के गर्नु देखेका हरेक सपना उल्टा हुन्छन ,

यो जिन्दगि खै के जिन्दगि
न बाच्न सक्ने
न मर्न,
आखिर यो बाहेक बाकि के नै रहयो र ?

## गजल: सापटीको माया



रमेश लामिछाने



तिम्रो सापटीको मायाले मन दुखाएको छैन
घाम डुब्दै गर्छ, क्षितिज अस्ताएको छैन

उनी उताकी पनि उत्तिकै प्यारी रैछिन्
गल्ती मैले गरेछु, दोहोरो माया लाएको छैन

झुप्रो र सरकारको एउटा प्रेम कथा छ चिहानमा
फूल चढाएको थियो, लास जलाएको छैन

मलाई कसैले नोक्सान गरेको छैन आजसम्म
मैले पनि कसैको फाइदा उठाएको छैन

परीक्षा थियो सहनशीलताको विषयमा
परीक्षा लिने मान्छे कोही आएको छैन

एउटा कविता गातामा पनि कोर्दिनुस् कविजी
तुलना गर्नेले किताब पल्टाएको छैन

तस्बिर खिच्ने ऊ रिसाएर जानु पर्‍यो
जे होस् म अझै मुस्कुराएको छैन ।

## विदेश

# दुबईमा पुनः भारी वर्षा, उडानहरू रद्द, विद्यालय तथा कार्यालय बन्द

**युएई, २१ वैशाख**

संयुक्त अरब इमिरेट्स (युएई)ले अप्रिलमा असामान्य बाढीको सामना गरेको केही दिनपछि पुनः भारी वर्षा भएको छ । असामान्य मौसमका कारण धेरै उडानहरू रद्द गरिएको छ भने मानिस तथा विद्यार्थीलाई घरबाटै काम तथा अध्ययन गर्न आग्रह गरिएको खालिज टाइम्सले जनाएको छ ।

संयुक्त अरब इमिरेट्समा भारी वर्षा र आँधीबेहरीका कारण बिहीबार पहेँलो रंगसहितको चेतावनी (अरेन्ज अलर्ट) जारी गरिएको थियो । पछिल्लो केही दिनदेखि युएईले अस्थिर मौसमी लहरका लागि तयारी गरिरहेको छ ।

यसै क्रममा सबै क्षेत्रका मानिसलाई सुरक्षाका उपायहरू अपनाउन सल्लाह दिइएको छ । विद्यालयहरू दूर शिक्षामा छन् भने कम्पनीहरूलाई घरबाटै काम गर्न अनुमति दिन आग्रह गरिएको छ । पार्क तथा समुद्र तटहरू बन्द गरिएका छन् ।

खालिज टाइम्सका अनुसार दुबईले इमिरेटमा अस्थिर मौसमका कारण मे २ र ३ मा सरकारी कर्मचारीहरूका लागि घरबाट काम गर्ने घोषणा गरेको थियो ।

युएईको विपद् व्यवस्थापन प्राधिकरणले आगामी मौसमी अवस्थालाई सामना गर्न तयारी दोहोर्याएको छ । एनसिएम विज्ञले आगामी मौसमको अवस्था अप्रिल १६ को जस्तो नहुने अनुमान गरेका छन् । अधिकारीहरूले आवश्यक सावधानीका उपायहरूबारे छलफल गरेका छन् ।

युएईले विद्यार्थीहरूले विद्यमान मौसमको कारण मे २ र ३ मा देशका सबै सरकारी विद्यालयहरूका लागि अनलाइन कक्षा लिने घोषणा गरेको छ । सरकारले सम्भावित अस्थिर मौसमी अवस्थाका कारण दुबईका सबै निजी विद्यालयमा मे २ र ३ मा अनलाइन सिकाइ हुने घोषणा गरेको छ । ज्ञान तथा मानव विकास प्राधिकरण (केएचडिए)ले यो निर्णय सबै निजी विद्यालय, नर्सरी र विश्वविद्यालयमा लागु हुने घोषणा गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ । मठमन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ । परोपकारी कार्यमा संलग्न भइनेछ । |
| वृष | आज आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ । |
| मिथुन | धार्मिक, सामाजिक महत्त्वको क्षेत्रको भ्रमण हुनसक्छ । दूरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ । |
| कर्कट | आजको दिन सहयोग गर्ने भन्दा आश्वासन बाँड्नेहरू धेरै भेटिनेछन् । आफन्तहरूको सहयोगले कामहरू अगाडि बढ्नेछन् । पुनर्मिलनको योग पनि छ । |
| सिंह | आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । शेयर बजारबाट लाभ हुनेछ । परोपकारजन्य कार्यमा लगाव बढ्ने र धन सञ्चयको अवसर प्राप्त हुनेछ । |
| कन्या | वाणीमा कुशलता आउने दिन परेको छ । करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । यात्रा गर्ने अवसर पनि |
| तुला | आज नाताकुटुम्बको आगमन हुने एवं परिवारमा नयाँ सदस्य थपिन पनि सक्ने सम्भावना छ । आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर पनि जुट्ला । |
| वृश्चिक | घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ । परिवारभित्रका झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा पनि कमी आउनेछ । |
| धनु | भने कसै सैलाई परदेशी घर फर्कने र घरपरिवारमा र रमाइलो वातावरण छाउनेछ । परोपकारका क्षेत्रमा लगानीको समय छ । हर्ष र प्रसन्नता छाउनेछ । |
| मकर | आज बोलीवचन एवं प्रवचन भाषण आदिमा प्रशंसा मिल्नेछ । परोपकारी कार्यमा संलग्न भइनेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुने समय पनि छ । |
| कुम्भ | आज भाग्यले साथ दिनेछ । काम देखाएर अरूको मन जित्न सकिनेछ । परोपकार तथा सामाजिक सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ । |
| मीन | आज इज्जत प्रतिष्ठामा दाग लाग्न सक्छ ख्याल गर्नुहोला । आफन्तसँग खिन्नता बढ्नसक्छ । सामाजिक काममा व्यस्त हुने समय पनि रहेको छ । |

पुस्तक समीक्षा

# फेहरन भित्रको कोलाज



धिरेन अनुपम
thapadhiren72@gmail.com




उनि फिस्स हाँस्दा , उनको मुस्कानमा माछापुच्छ्रे हिमालको रौनक्ता भेटिन्छ। भाषा साहित्यको सागरमा फेवातलको गहिराई भेटिन्छ। प्रेमको कसौंडीमा परिवारको आभाष भेटिन्छ। अमृत क्षत्री साहित्यकार र एक अभिवक मात्रै होइनन्। उनी सेवा निवृत भारतीय सैनिक जवान पनि हुन। अवकास प्राप्त हुनुअघि द्वन्च / अर्थात ४ गोरखा राइफल रेजिडेन्टमा कार्यरत सिपाही हुन्। बोडरको सुरक्षागर्दा उहाँले समाउने बन्दुकको ट्रिगरको निशानामा के कति आतंककारी परे थाह भएन । तर उहाँको कलमले विरेचन गरेका साहित्यका बाङ्कीहरुले जो कोही पाठकको मन निशानामा पर्छ। उहाँको पहिलो कविता कृति " एकान्त भिड " अध्यान पश्चात् हामी नजिक हुने चाँजोपाजो मिलेको थियो। एकान्त भिड कविता संग्रहमा संग्रहित कविताहरुको नसा उत्रन नपाउँदै । एकाएक यादको कोलाजलाई माया पब्लिकेसन्सले बजारमा अवतरण गरायो। एकान्त भिड कविता कृतिको स्वाद मेटिन नपाउँदै यादको कोलाज अध्ययन गर्ने अवसर प्राप्त भयो। कोलाजको अर्थ रहेछ सप्तरंगी वा रंगिन कलात्मक वृत्र चित्र। यसरी त हरेकको जिन्दगी रंगिन नहुन पनि सक्छ। तर फिक्का जीन्दगीलाई रंगिन बनाउनु ठूलो कुराहो । पर्वतमा जन्मेका कविलाई बाल्यकाल अवस्थामा सेनामा भर्ती हुने मन थिएन। श्री नवदुर्गा प्रावि पर्वतबाट प्राथमिक शिक्षा हासिल गरेपछि हाइस्कुल तहको शिक्षा श्री वीरेन्द्र माध्यामिक विद्यालयमा गएर गरे।उनले त्यहीँबाट एसएलसी पास पनि गरे। नागरिकता किन बनाइन्छ। नागरिकता बनाएपछि नागरिक्ताले के दिन्छ थाह थिएन उनलाई। साथिको लहैंलहमा लागेर बृट्रिस सेनामा भर्तीहुने सपना बुने पछि बल्ल थाह पाए उनले नागरिकताको रहस्य। बुवा भारतिय सेनाका रिटायर्ड सिपाही हुन्। परिवारको एकलो छोरा भएर पनि होला सेनामा जागिर खुवाएर लाहुरे बनाउने इच्छा आमाबुवाको थिएन। एकदिन बुवा घरको काममा आगनमा व्यस्त थिए। कवि अमृत पनि टुप्लुक्क आगनमा आइपुगे। बुवाको सामु सबै कुरा राखेपछि छोराको लाहुरेहुने कुराले बुवाको मन खाएन। बुवाले उनका कुरालाई नकारी पनि दिए। बुवा चाहदैन थिए एकलो छोरालाई दुःखको सन्दुक बोकाउन। रंगरुडको जीवनमा बुवाले तमाम दुःखका पहाड छिचोलेर सेवानिवृत भएका उदाहरणहरु बुवाको आँखा अगाडि माछापुच्छ्रे हिमालभैं उभिएका थिए। कविको कुरा प्रति आमाको एक मन पनि फर्किएको थिएन। बुवा भन्दा छोराछोरी माथि आमाको मन सधै कोमल हुन्छ। त्यसैमा एकलो छोरालाई सेना बनाउने मन नहुँदा नहुँदै पनि अमृत जीको बालहट प्रति आमाको पनि केही जोर चलेन। आमाले पनि इजाजत दिएपछि बुवा पर्वत कुस्मा पुगेर नागरिकता बनाई दिए। बृट्रिस सेनामा तिनपटक सम्म गेटपास लिएर छनौटको अन्तिम मुखमा आएर फालिनु परेका घटनाले कवि निकै दुखित पनि भए। बढ्दै गरेको उमेरले पनि उनलाई समयमै जागिर खानुपर्ने बाध्यता सृर्जाना गरेको थियो।

उच्च शिक्षा अध्ययनको लागि उनी पर्वतबाट पोखरा आउँछन्। विद्यार्थी जीवनको फकिर यात्रा यहीँ बाट उनको शुरुहुन्छ। पढ्नुको उदेश्य जागिर खाएर ठूलो मान्छे बन्नुत होनै। जीवनको गोरेटोमा गन्तव्यको टुङ्गो देखिएन भने जो कोहीलाई अट्ठास लाग्नु स्वभाविक नै हो। विद्यालयको दिनचर्या त छदै थियो। सुरक्षित जीवनको गुण पनि भेटाउनु थियो अमृत लाई।

लक्ष्मण बेसुमार पोखराको गर्मि पचाएर निदाई रहेको छ। कुकुरमा खाना पाक्ने कुनै सुरसार छैन। मक्किएको धोद्रो आवाजलाई हल्लाबोल गरेर लक्ष्मण जी को निन्द्रा भङ्ग गर्न कुकुरलाई रहर छैन। पेटको हल्लाबोल सुनिदैन तर पेटको हल्लाबोल भयङ्कर हुन्छ। पेटले हल्ला गर्यो भने राज्यका सासकनै धुलोपिठो हुन बेर हुदैन। अमृत मुरमुरिन्छन कुम्भकर्णको जस्तो निद्रा देखेर लक्ष्मण संग। सडकहरुले हरेक ययावरको गन्तव्य देखाउँछन्। जो समयमै पैतालाको सहराले सडकको आयतन नाप्न उद्दत हुन्छ उसैले सफलताको गन्तव्य भेटाउँछ। एक दिन अमृत उहीँ थोत्रो रुम , उहीँ जुठा भाडाकुडा र प्रिय साथि लक्ष्मणलाई पोखरामा छोड्दै उनी सडकहरु नापदै ठेलमठेल रेलगाडीको यात्रामा अम्बाला रेलबे स्टेसन पञ्जाव हुँदै सिमला पुग्छन्। उनले भेटाएको भावी जिवनको गन्तव्य यहीँबाट सुरुहुन्छ। रिगरुडको जीवन हुदैन। रिगरुड काचो माटोहो। काचो माटोलाई कुमालेले जस्तो पनि बर्तनको आकार दिन सक्छ। हो फौजमा भर्ना भएका नौजवानहरुलाई गुरुबाले त्यही काचो माटोको दृष्टिकोणले हेर्ने गर्छन्। जस्ले आफुलाई कुमालेको बर्तनभैं ढाल्न सक्छ ऊ देशको सैनिक भएर निस्कन्छ जसले सकैदन ऊ भगौडा भएर घर फर्किन्छ। दुःखका पहाड छिचोल्नेहरु मात्रै एउटा पूर्ण सैनिक जवान हुनछ। गुरुबा हरुको टर्चरमा आफुलाई नगाली सैनिक बन्न सजिलो नभएको कुरा अमृत जीले बहुत सुन्दर रुपमा सुक्ष्म तरिकाले लेख्नु भएको छ। सिपाही हुने लाल्सा पालेका जोकोही युवायुवतीका लागि यादको कोलाजमा संग्रहित लेखकको अनुभव र भोगाई प्रेरणा हुन सक्छ।

योङ्ग सोल्जर ट्रेनिङ लिनको लागि ३२ जनाको टोली अम्बाला रेलबे स्टेसनबाट पठानकोट निस्कने सुरसारमा छ। पठानकोट पाकिस्तानको सिमा नजिकै पर्ने एउटा संवेदनशील ठाउँ हो। पठानकोटमा भएको उरी हमाला जो कोही भारतीले भुल्न सक्दैन। फेब्रुअरी महिनाको जाडो पचाएर पहाडको विचभागमा अवस्थीत सर्थली हुँदै खुरदुवा निस्की रहेकाछन् अमृत। हिउँको पहिरोले बाटो अबरोध हुनु र आफ्नो वरीपरिका हिउँको पछेउरी ओढेर निदाई रहेका हिमाल देखेपछि माछापुच्छ्रेको झल्कोले आमा बा , गाउँ , समाज र देशको सम्झनाले जति गालेको छ त्यति डर दुश्मनको डरले उनलाई गालेको छैन। हुन त प्रेम भन्दा संसारमा अर्को के नै छ र।

जम्बुको अन्तिम गाउँ रहेछ खुरदुवा। खुरदुवा गाउँमा बाटो भरी पहारा दिएर सैनिक ड्युटी गरिरहेका छन्। नदी, नाला आफ्नै लय पछ्याउँदै बाटो छिचोली रहेका छन्। न यिनाई पहरा र बिकट्टताको भएछ। नत कुनै देशका सैनिको जवानसंग। नत भए छ आतंककारी संग। न रोकिनु पर्छ दुई देशको सिमानामा। न देखाउनु पर्छ यिनले पासपोर्ट न लगाउनु पर्छ भिसा। यहाँका नदीनालाहरु भारत पाकिस्तान सिमा भएर निर्वाद दगुरी रहेका छन्। डरको त्रासमा बाँचिरहेका छन् खुरदुवा र जम्बुका मान्छे। डरकै सन्त्रासमा बारुदले मुख धुन्छ जम्बु। रगतकै बुर्खा ओढेर सधैसधैका लागि निदाउँछन् जम्बुका निर्दोष मान्छेहरु। डिउटिको बेला नौसेरा , कल्सिया हुँदा दोहोरो भिडन्तमा आफू मरेर बाचेको खबर राकेश भुजेलले सुनाउँदा साहित्यकार अमृत जीको शरीरभरी काँडा उम्रेका बिषयले जो कोही पाठकको मन सिरिङ्ग हुन्छ। सिपाही हुनु कसैको ज्यान लिनु भन्ने हुदैहोइन। सिपाही भएकै भरमा बिद्रोही हरुले सिपाही माथि हमाला गर्नु पनित राम्रो होइन। आखिर यो किन र कसरी भईरहेको छ। लेखकले मिनरुपमा उठाएको प्रशंगलाई कस्ले बुझ्ने ?

पिडिमा बसिरहेकी आमाले लाहुरे छोरोलाई देखेपछि ममताको आँसु पोखेर मातृत्वको भाव देखाउनुले सन्तान माथि आमाको स्नेहको गहिराई प्रस्ट देखाएको छ। रतिखोलाको सम्झना। मने गाउँ नहुनुको न्यास्रो। कति छिटै विदाका दिन सकिए पछि आमाबुवाले बिदाई गरेर छोरालाई लाहुर पठाउँदाका तिता क्षण र भक्कानिदै लेखक लाहुर लागेको यात्राले पाठको मन अमिलो बनाउँ छ।

ए हिउँ नखेला। हिउँ लागेपछि औंला काट्नु पर्ला। ब्यारेक भित्रबाट आएको आवाज कानमा ठोकिन्छ।हातमा खेलाउँदै गरेको हिउँ फ्वात्त भुइमा फाल्छन् अमृत। हिउँले कतै औंला त खाएन। औला वरिपरि चारै तिर दुगुराउँछन्। त्यसपछि उनले हिउँ खेलाउन छोडे। सुन्दरताको आनन्द छोएर होइन हेरेर लिनुपर्छ भन्ने गम्भीर पाठ सिके भित्र बाट आएको चेतावनी युक्त आवाजमा। त्यसपछि उनी हिउँ देखे टाढै बस्न रुचाए तर। हिउँकै घरमा डिउटी पर्ला कहिल्यै सोचेका थिएनन्। कुरा सन् २००६ तिरको हो ल्हे लद्दाख हुँहै जुजिला पहाडको मार्ग हुँदै अमृत जीको पलाटुन अगाडि बढ्छ कारगिलको लागि। जुजिला पहाडको बाटो सधैभर खुल्ला रहदैन। अत्याधिक हिउँ पर्ने भएकाले अक्टोबर देखि जुन सम्म बाटो नै बन्द हुन्छ। ल्हे लद्दाखमा अक्सिजन को मात्रा कमि हुने भएकाले मान्छेले ठाउँ अनुसार बसेर शरीरको युनिट पावर बढाउदै लिनु परेका किस्साहरुले जो कोहीलाई ल्हे लद्दाख पुग्ने सहास आउदैन। मुटु लुछ्ने द्रासको चिसो रातमा टेण्ट भित्र नअटापछि गाडी मुनि सुतेर रात कटाएको बिषयले सैनिक हुन त्यति सजिलो छैन भन्ने कुरा घटनाले प्रस्टाएको छ। प्रतिकुल्ता भित्र अनुकुल्ता खोज्नेहरुनै सैनिक बन्न सकछन् भन्ने कुरा स्पस्ट पारेको छ। ल्हे लद्दाख वन्जर ठाउँ हो। सुख्खा पहाड र पहाडको थाप्लोमा जमेका हिउँका दृष्य र हिउँ पग्लेर बगेगा नदी र नदीमा डुबुल्की मार्ने चराहरुको लुकामारी देख्दा मनमा आन्नद थपिन्छ नै तर आन्नद मन लिएर सधै भएर त्यहाँ जिन्दगी गुजार्न त्यति सजिलो छैन। ओम माने प्यामे हुङको भजन धुन गुम्बामा बजि रहेको छ। शान्तिको कामना गर्दै गुम्बा माथी फहराई रहेका लुङ्दारहरु। स्वर्ग जस्तो ठाउँका दृष्यहरु नियाल्न नाङ्गा खुटा र नाङ्गा आँखाले हेर्न बर्जित छ। स्वर्ग जस्तो ठाउँमा पनि बाच्नको लागि पसिना बगाउनै पर्छ भन्ने कुरा साहित्यकारले ओकलेका छन्।

केही बर्ष पहिले जमिनको बिषयलाई लिएर चिनियाँ सैनिक र भारतिय सैनिक बिच युद्ध नै भएको थियो। साहित्यकार अमृत उक्त सियाचिन ठाउँमा ज्यानलाई हत्केलामा राखेर नुनको सोझो गर्न सम्म पुगेका छन्। नुनको सोझो गर्ने सवालमा यात्रामा सुरेन्द्र भेटिन्छन्। कहिल्यै सुख्खा कहिल्यै बर्फिला फाट र कहिल्यै टोपी खस्ने पहाड चढ्नु सियाचिनमा पहरा दिने जोकोही जवानको बसको कुरा होइन। समुद्री सतह देखि ५७५३ मिटर उच्चाईमा रहेको सियाचिनमा प्रतिघण्टा ४० किलोमिटरको गतिमा हावा चलि रहन्छ। चिसो याममा यहाँको तापमान माइनस ७० डिग्री सम्म पुग्ने गर्छ। फोनको टावरले राम्रोसँग काम गर्दैन। दुश्मनको गतिविधिको हरेक क्षणको निगरानी गर्नु पर्छ। फोनको टावर भए पनि धित मरुन्जेल फोनमा घण्टौ सम्म कुराकानी गर्ने छुट न कोही कसैलाई छ। नत छुट्टिको दिन बजार गएर घरमा कुराकानी गर्ने सहरनै छ सियाचिनमा। एक दिनको कुराहो। सुरेन्द्र र लेखक घर विदा सकेर पल्टनमा संगै फर्कि रहेका थिए। रेलगाडी हावाको रफ्तारमा सुर्यलाई भेटाउन पश्चिम दिशा दगुरी रहेको छ। घर जादा जस्तो खुशी सुरेन्द्र फर्कदा छैन। निन्याउरो मुख लगाएर रेलको सिटमा सुरेन्द्र शालिक भैं मौन छ। उस्को मौनता प्रति लेखक अमृत अच्मबित हुँदै सुरेन्द्रको मौन हुनुको राज जान्न चाहान्छन्। तैलेत आफ्नो विवाहमा पनि बोलाइनस यार। सुरेन्द्रका आँखाबाट एकनास अविरल आँसु बग्छन् र उस्ले भन्छ शकुन अर्कैकी भई। सियाचिन हुँदा फोनमा हाम्रो कुराकानी हुन सकेन। सन्चार दुनियाबाट नियतिले टाढा बनाएपछि उस्ले के सोचि खै आमा बुवाको दबाबमा उस्ले पराईसंग विवाह गरेर गहि छे। प्रेमको वियोगमा क्रन्धन मिसिएको सुरेन्द्रको आवाज सुनेपछि साहित्यकार अमृतका जी आँखा पनि एकाएक गण्डकी नदी भैं बग्छन्। शुकुनलाई के थाह सियाचिन हिउँको घर हो। त्यहाँ फोनले काम गर्दैन र आफुले चाहे जस्तो छोड्नुवा भएर लाहुरेलाइ हिड्ने छुट हुदैन भन्ने कुरा।

धर्तिमा स्वर्ग छ भने त्यो कश्मीर हो एउटा महात्माले भनेका थिए। भारतियहरु भ्याकेसनका दिन कटाउन कश्मीर त जान्छन् नै। साथै फरेन कन्ट्रीबाट आउन पर्यटकहरुको गन्तव्य पनि कश्मीर हो। सुन्दर बस्तु माथि हरेक मान्छेहरुको नजर गढेको हुन्छ। सुन्दर बस्तुलाई टाढैबाट हेर्न जति आन्द हुन्छ उक्त बस्तुलाई आफ्नो बनाउने गलत नियत भयो भने त्यो भन्दा खतरा अरु हुँदैन रहेछ भन्ने लेखकले औल्याएका छन्। दिल्ली र कराचिको इसरामा तनाब ग्रस्त रहने कश्मीर सुन्दरताको फेहर ओढेर बिच सहरमा मान्छे माथि ज्यानलिने हमालाले कश्मीलाई त्रशित बनाएको छ। त्यति मात्रै होइन सुन्दरता माथी हरेक दिन रगतको दाग लाग्ने गर्छ। जति कश्मीर सुन्दर छ बारुदको गन्धले कश्मीरलाई त्यतिनै दुर्गन्धित बनाएको कुरा पनि लेखकले बोलेका छन्। माया पब्लिकेसन्सले बजारमा ल्याएको अमृत क्षेत्रीको यादको कोलाज भावनामा लेखिएको संस्मरणात्मक नियात्रा संग्रह मात्रै होइन। भारतिय सेनामा कार्यरत सैनिक जवानहरुको अनुभुति पनि हो। अनुभुती लाई रोचक र कलात्मकरुपले लेख्नु जोकोही लेखकको बसको कुरा होइन। प्राकृतिक सौन्दर्य , जीवन भोगाइ र सुखदःखलाई साहित्यको आवरणमा सजाएर लेख्नु अमृत जीको सबै भन्दा ठूलो तागत हो। नियात्रा पढ्दै जादा पुस्तक अध्ययन गरिसेको थाहै नहुन उहाँको बौद्धिक कलाको जति तारिफ गरे पनि कम नै हुन्छ। व्यबहारमा उहाँ जति शालिन र भद्र हुनुहुन्छ पुस्तक लेखनी भाषा त्यति नै सालिन हुनुले चमत्कार मात्रै थपेको छैन हुने विरुवाको चिल्लो पात भन्ने उदाहरण चरितार्थ भएको छ।

कमजोरीलाई औल्याउनु पर्दा त्यति साह्रो नभए पनि कुनै बिषयहरुको प्रसंग हतारमा टुङ्गिएको जस्तो आभाष हुन्छ। आगामी दिनमा उक्त बिषय बस्तुमाथी करेक्सन गर्दै लिनुहोला। हार्दिक शुभकामना छ।

# कानको जुली बेचेर डल बनाउने सिप सिकेकी मनिशा



कल्पना ढेङ्गा मगर
kalpudmagar@gmail.com







जाजरकोट भेरी नगरपालिका-९ की मनिशा वि.क. २०७१ सालमा काठमाडौं गएकी थिईन्। मनिशा जाजरकोटबाट काठमाडौंमा नेपाल विद्युत प्राधिकरणको परीक्षा दिन उनी काठमाडौं पुगेकी हुन्। परीक्षा दिएपनि केहि समयसम्म उनी काठमाडौं नै बसेर पढिन्।

उनको परीक्षा आफुले सोचेको जस्तो नभएको उनले बताईन्। परीक्षा राम्रो नभएपछि उनको मनमा अनेकौं कुरा खेल्न थाले। काठमाडौं जस्तो ठूलो सहरमा जीवनयापनका लागि पक्कै पनि सहज थिएन। उनी पढाईसँगै नयाँ-नयाँ कुरा जान्न पनि चाहन्थिन्। उनले भनिन्, 'एक दिनको कुरा हो, मैले पत्रिका पनि हेर्ने गर्थे। त्यो दिन मैले पत्रिकामा कुशन डल बनाउने तालिमको सूचना देखैं, त्यस सूचनामा सम्पर्क नम्बर पनि राखेको थियो। त्यहि सम्पर्क नम्बरमा कल गरेर म तालिम सिक्न गए।' 'मलाई लाग्थ्यो यो तालिम सिकेपछि म जाजरकोट जान्छु र पसल पनि गर्छु। अनि जाजरकोटका महिलालाई पनि यो तालिम सिकाउँछु र आम्दानीको स्रोत पनि हुन्छ।' तर मनिशा वि.क. को जीवनमा उनले सोचेको जस्तो सहज थिएन्। उनले तालिम सिक्नलाई आर्थिकको पनि त्यत्तिकै समस्या थियो। मनिशालाई आर्थिक जुटाउन समस्या भयो।

'मनले आँटेर त के गर्नु पैसा भएन भने धेरै नै गाह्रो हुँदो रहेछ' मनिशाले भनिन्, 'पैसा जुटाउँन समस्या भयो। मलाई जसरी नी तालिम सिक्नु थियो। मेरो अन्तिम उपाय भनेको मेरो कानको जुली बेच्नु हो। मैले मेरो कानको जुली बेचेर कुशन डल बनाउँने तालिम सिकेको हुँ।' उनले कुशन डलको तालिम ७ दिन मात्र लिएकी हुन। सात दिनको कुशन डल बनाउने तालिम लिनलाई ११ हजार रुपैयाँ तिरेर लिएको उनले बताइन्। गाह्रो भन्ने त के मा पो थिएनर पढे परीक्षा बिर्गदा तनाव भयो अनि सिप सिक्छु भनेर नै यो पेसामा लागेको उलने बताईन्।

उनको सात दिनको तालिम पनि सकियो। उनी काठमाडौंमा भाँडामा कोठालिएर नै बसेकि थिईन्। मनिशा तालिम सक्ने बित्तिकै घर फर्किएकी थिईनिन्। २०७२ साल वैशाख १२ गते आएको भूकम्प उनले सम्झिन्, '२०७२ साल भूकम्प गयो। मैले कुशन डल बनाउँने सामान किनेकि पनि थिएँ, मेरो सबै सामान भूकम्प जादाँ पुरियो। म भने त्यसबेला बाँच्न सफल भएकी हुँ।' आफुले कुशन डल बनाउन प्रयोग गर्ने सामान सबै पुरिएपछि उनले अरु केहि गर्न सकिनन्।

**२० हजार लगानीबाट शुरु**

उनले कर्णाली डल कुशन उद्योग तथा लघु औद्योगिक ग्राम नाममा उद्योग दर्ता गरी सञ्चालन गरेकी छिन्। उनललाई उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेशको बारे एक जना दिदिले बताएकी थिईन्।

दिदिको सल्लाह अनुसार नै उनले उद्योग दर्ता गरेकी हुन्। उनी सुर्खेत आएर उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेशको एक सटरमा नै उद्योग संचालन गर्दै आईरहेकी छिन्। छोराछोरी पढाउँदै आफ्नो सिपलाई पनि निरन्तरता दिनको लागि उनी सुर्खेत आएको बताईन्। सुर्खेत आएको एक बर्ष मात्रै भएको उनले जानकारी दिईन्। सटरमा उद्योग सञ्चालन गर्नको लागि पाँच वर्षको कार्यकाल रहेको र महिनामा दुई हजार रुपैयाँ तिर्ने गरेको उनको भनाई छ।

उनले आफुले बनाउने सामानको मुल्य ५० देखि ३५ सय रुपैयाँसम्ममा विक्रि वितरण गर्ने गरेको उनले जानकारी दिए। उनले खरायो, गनेश, कुकुर, विरालो, रेड पाण्डा, भालु, जरायो, हात्ती, पुतलीलगाएतका डलका सामाग्रि बनाउने गरेको बताईन्।

उनका अनुसार दिनमा २० वटा सम्म फरक-फरक डल बनाउन सकिनेछ। डल तथा कुशन बनाउनको लागि २०-२० हजार रुपैयाँका दुई वटा मेसिन भएको जानकारी दिईन्। अझ आफुलाई मेसिनको आवश्यकता रहेको र नयाँ-नयाँ डिजाईनको लागि तालिको आवश्यक रहेको उनको भनाई छ। उनले भनिन्, 'सरकारले केहि अनुदानमा तालिम मिलाईदिए आफ्नो सिपमा सहयोग पुग्ने थियो।'

तेस्रो कर्णाली एक्स्पो-२०८० को महोत्सवमा ८० हजार रुपैयाँको सामान विक्रि गरेको उनले जानकारी दिइन। 'अहिले पछिल्लो समय व्यापार-व्यवसाय निराशाजनक रहेको छ' उनले भनिन् 'जेनतेन परिवारको खर्च धानिरहेको व्यवसायबाट पछिल्लो समय मनग्य उपलब्धि हुन सकेको छैन्।' एकातर्फ परिवारको आर्थिक जिम्मेवारी त अर्कोतर्फ बालबच्चाको पोषण र शिक्षा दीक्षाको आवश्यक पर्छ। सानोतिनो पूँजीले सञ्चालित व्यापार व्यवसाय अहिले सङ्कटको भूमरीमा त परेको छ। यसलाई निरन्तरता दिएर प्रशिक्षक बन्ने मनिशाको चाहाना समेत रहेको छ।

**फेसबुकबाटै सिराह बिहे**

मनिशाले सामाजिक संजाल फेसबुक चलाउने क्रममा उनको सिराह जिल्लाको मुस्लिम समुदायका एक पुरुषसँग उनको कुराकानी हुन थाल्यो। विस्तारै सामाजिक सञ्जाल फेसबुक मै उनीहरुबीचको कुराकानी लम्बिदै गयो। उनीहरुले बिहे पनि गरे। मनिशा विकको एक छोरा र एक छोरी पनि छन्। बिहे भएपनि उनी काठमाडौं नै बसेकि थिईन्। छोराछोरी भएपछि उनलाई काठमाडौं बस्न मन लागेन्। बरु गाउँमै गएर छोराछोरी हुर्काउँछु भनी घर फर्किन्।

उनले आफ्ना दुई छोराछोरी जाजरकोटमा नै हुर्काएको बताईन्। धर्म फरक भएका कारण पनि दुई जना बिच राम्रो सम्बन्ध नभएको उनले बताईन्। उनले भनिन्, 'अहिले त हाम्रो कुराकानी नभएको पनि एक बर्ष भयो। मैले छोराछोरीको खर्च आफै हेर्ने गरेको छु। मेरो छोराछोरीको जन्मदर्ता गराएको छैन् मैले मेरो नामबाट नै गराउने सोच गरेको छु।'

## चुनौतीका...

समस्या झेल्नु परेको निर्देशक खड्काले बताए। विशिष्टिकृत, विशेषज्ञ र आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्ने जिम्मेवारी पाएका संघ, प्रदेश र स्थानीय तहले कर्णालीको स्वास्थ्य प्रणाली सुधारलाई प्राथमिकतामा राखेर अगाडि बढेमात्र संकटको कठिन यात्रा पार गर्न सकिने उनको भनाई छ।

कर्णालीको सुगमदेखि दुर्गमसम्म गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहमा विद्यमान चुनौतीलाई चिर्न सबैले हातेमालो गरेर अघि बढे मात्र लक्ष्य हासिल गर्न सकिने निर्देशक खड्काले बताए।

## अस्पतालमा...

३६ दशमलव आठ प्रतिशत महिला सुत्केरी हुन अस्पतालको पहुँचमा पुगेकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म यो संख्या बढेर ५४ प्रतिशत पुगेको छ। गर्भवतीको समयमा नियमित जाँच गराउने र अस्पतालमा सुत्केरी हुने महिलाहरुको पालिकागत तथ्यांक अनुसार सिम्ता गाउँपालिकामा ५९ दशलमव आठ, चिङ्गाड गाउँपालिकामा ५८, लेकवेशी नगरपालिका ४९, भेरीगंगा नगरपालिका ५२ दशमलव आठ प्रतिशत रहेको छ। यस्तै, गुर्भाकोट नगरपालिका ८३ दशमलव नौ, बराहताल गाउँपालिका ३६ दशमलव एक र पञ्चपुरी नगरपालिकामा ५४ दशमलव नौ प्रतिशत महिलाहरु चालु आर्थिक वर्षको नौ महिनामा सुत्केरी हुन अस्पताल पुगेको तथ्यांक जिल्ला जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतसँग छ।

प्रसुती सेवा सम्बन्धि जानकारीको अभाव, भौगोलिक विकटता, स्वास्थ्य संस्था र तालिम प्राप्त जनशक्ति अभाव लगायतका विविध कारणले अझै पनि महिलाहरु सुरक्षित प्रसुती सेवाको पहुँच बाहिर रहेको भण्डारी बताउँछिन्।

सुचिकृत नभएका ठाउँहरुबाट गर्भपतनको औषधी बिक्री वितरण, मातृ मृत्यु अनुपात बढ्दो क्रम, किशोरावस्थामा गर्भवती हुनु लगायतका कारणहरु परिवार नियोजनका लागि चुनौती रहेको उल्लेख गर्दै समुदायस्तरदेखि प्रत्येक घर-घरमा सचेतना फैलाउन आवश्यक रहेको उनले बताइन। आगामी कार्यक्रममा सचेतनामुलक कार्यक्रमलाई तल्लो तहसम्म पुऱ्याउने गरी कार्यालयले तयारी थालेको उनले बताइन।

**खण्ड १. लिलामी सूचना** | Save the Children

## पुराना उपकरण तथा फर्निचरहरुको लिलाम विक्री गर्ने वारेको सूचना

सेभ द चिल्ड्रेन सुर्खेत फिल्ड कार्यालय,वीरेन्द्रनगर, सुर्खेतले आफ्ना विभिन्न पुराना कार्यालय सामग्रीहरु तथा फर्निचरहरुको लिलाम बिक्री "जे छ जहाँ छ" को आधारमा लिलाम गर्न गईरहेको हुंदा ईच्छुक ब्यक्ति तथा संघ/संस्थाहरुले सीलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ।

सामग्री तथा फर्निचरहरु अवलोकन तथा फारम वितरण मिति २०८१/०१/२५ देखि २०८१/०१/२८ गते सम्म (तदनुसार २०२४ मे ०७ देखि १० तारिख) प्रत्येक दिन ३ बजे देखि ५ बजेसम्म कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**पुराना सामग्रीहरुको विवरण निम्नानुसार रहेका छन् :-**

१. पुराना ल्यापटपहरु
२. पुराना फर्निचरहरु
३. विद्युतीय उपकरण तथा सामग्रीहरु

१. खरिद गर्ने सामग्रीहरुमा यदि कुनै कर लाग्ने भएमा खरिदकर्ता स्वयम्ले व्यहोर्नु पर्नेछ।
२. वोलपत्र प्रक्रियासम्बन्धी अन्तिम निर्णय सेभ द चिल्ड्रेनमा निहित हुने छ।

- **बोलपत्र पेश गर्ने अन्तिम मिति** :- २०८१/०१/३१ गते सम्म (२०२४ मे १३ तारिख)।
- **बोलपत्र खोल्ने मिति** :- २०८१/०२/०८ गते (२०२४ मे २१ तारिख)।

**सुर्खेत फिल्ड कार्यालय**
**वीरेन्द्रनगर नगरपालिका - वडा नं ७, कालुङ्गचौक, ईत्राम - सुर्खेत**
**फोन नम्बरः- ०८३-५२५६११/५२५७५६**

युगआह्वान
राष्ट्रिय दैनिक

# आगलागीबाट धेरै प्रभावित कर्णालीका तीन जिल्ला

**दीपकजंग शाही**
**सुर्खेत, २१ वैशाख ।**

जंगलमा सल्किएको आगो बुधबार दिउँसो १ बजेतिर सल्यानको त्रिवेणी गाउँपालिका-२ त्रिसेटोलमा पुग्यो । प्रेमबहादुर राम्जा मगरको काठले छाएको घर र गाउँका दुईवटा गोठ जले । गाउँलेहरूको सक्रियता र समयमै प्रहरी पुगेपछि मानवीय तथा भौतिक क्षति हुन पाएन । गाउँमा लागेको आगो १२ घण्टापछि नियन्त्रणमा आयो ।

गाउँलेहरूले प्रेमबहादुरको घरभित्र भएको अन्नपात, लत्ताकपडा जोगाए। दिउँसोको समय भएकाले पशुचौपायालाई पनि क्षति भएन । उक्त घरमा प्रेमबहादुरकी आमा एक्लै बस्थिन् । घरमा आगलागी भएपछि प्रेमले आफू बसिरहेको घरमा आमालाई राखेका छन् । 'जंगलमा लागेको आगो एक्कासी घरछेउ आइपुग्यो, सबै गाउँले मिलेर अन्नपात, लत्ताकपडा निकाल्यौं,' उनले भने, 'प्रहरी समयमै आएर धेरै क्षति हुन पाएन, तै पनि आगो गाउँमा पुग्ने डर छँदैछ ।' त्रिवेणी गाउँपालिका-२ कै चोरखोलामा पनि केही दिनअघि आगलागी भएको थियो । वैशाख १४ गते वनमा लागेको डढेलो गाउँमा पुगेको थियो । उक्त आगलागीबाट तीन वटा घर र दश वटा गोठ जले । 'त्यसबेला चोरखोलामा लागेको आगो पनि लामो समयपछि नियन्त्रणमा आएको थियो, स्थानीयका अन्नबालीदेखि अरू भौतिक क्षति भयो,' त्रिवेणी-२ का वडाध्यक्ष हस्तबहादुर राम्जाले भने, 'घर जलेर विस्थापित भएकाहरू कोही आफन्तकोमा छन्, कोही अन्यत्र भएका आफ्नै घरमा छन् ।'

वैशाख १४ गते नै शारदा नगरपालिकाका रानीकोट, खैराबाङ र श्रीनगरका केही घरहरूमा जंगलबाट सल्किएको आगोले क्षति पुऱ्याएको थियो । सल्यानकै छत्रेश्वरी गाउँपालिका-५ सेतामारेका प्रेमबहादुर वलीको परिवार आफ्ना दाजुको घरमा बसिरहेका छन् । बुधबार जंगलमा लागेको आगो घरमा सल्किएर घरमा पूर्ण क्षति भएको छ। उनको तीन तले टिनले छाएको घर र घरभित्र भएका भाँडाकुँडा, अन्नपात, लत्ताकपडा, बेसार जलेको छ।

'शरीरमा लगाएका कपडा बाहेकका घरभित्र भएका सबै जलिसके, भागेर बाँचेका हौं,' प्रेमले भने, 'घरभित्र आगो अझैं पनि बाँकी छ, निभाउनलाई पर्याप्त पानी पनि छैन, अहिले हामी अलि पर दाइको घरमा गएर बसेका छौं ।'

बुधबार आगलागी हुँदा छत्रेश्वरी-५ मा पाँच वटा घर र सात वटा गोठ जलेको वडाध्यक्ष फौदबहादुर बस्नेतले बताए। उनका अनुसार बिहान ९ बजेतिर जंगलमा लागेको आगो दिउँसो २ बजेतिर गाउँमा पसेको थियो। प्रहरी र स्थानीयको सहयोगमा दुई घण्टामा नियन्त्रणमा लिइएको उनले बताए । अन्न जोगाउन नसकिने गरी पूर्णरूपमा घर जलेका परिवारलाई तत्कालका लागि खाद्यान्नको व्यवस्था वडाबाट गरिएको अध्यक्ष बस्नेतले बताए ।

मंगलबार बेलुका सुर्खेतको चौकुने गाउँपालिका-२ इँचला गाउँमा आगलागी तीन घर र ६ गोठ जलेका छन् । गाउँदेखि टाढाको जंगलमा सल्किएको आगो हावाहुरीसँगै एक्कासी गाउँका घरमा सल्किएको थियो । 'आगो टाढाको जंगलमा देखिएको थियो, हावा पनि चलेकाले आइहाल्यो भने निभाउनुपर्छ भनेर सजग भएर छेउछाउमा बसेका थियौं, आगो एक्कासी घरमा सल्कियो,' स्थानीय अबि बडुवालले भने, ' अहिले छिमेकीसँग भएको त्रिपाल मागेर त्यसैमा बसेका छौं, घर त पूरै जलेको छ ।' घरमा भएको खाद्यान्न पनि जोगाउन नसकिएकोले बजारबाट किनेर ल्याएको उनले बताए। उनको परिवारमा चार जना छन् । अझै पनि गाउँवरपरका रूखहरूमा आगो सल्किरहेकाले गाउँमा थप क्षतिको जोखिम रहेको उनले बताए । यो वर्षको सुख्खा मौसम र हावाहुरीका कारण हुने आगलागीका घटनाबाट कर्णाली प्रदेशका तत्काल तीन वटा जिल्ला प्रभावित बनेका छन् । यी जिल्लाहरूमा जंगलबाट लागेको आगो बस्तीमा पुगिरहेको छ। जंगल र बस्ती नजिक भएका गाउँहरूमा जोखिम पनि उत्तिकै छ। विशेषगरी सल्यान, रूकुम पश्चिम र सुर्खेत आगलागीका घटनाबाट पीडित छन्। यिनै जिल्लाहरूमा जंगल र बस्ती नजिक भएकाले थप क्षतिको जोखिम पनि छ । दुर्गम क्षेत्रमा आगलागी भइहाले नियन्त्रणका उपकरण नभएकाले स्थानीयहरू नै नियन्त्रणका लागि तयार बस्नुपरेको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार रूकुम पश्चिममा पाँचवटा स्थानीय तहका विभिन्न गाउँमा आगलागी भएको छ। आगलागीबाट करिब २४ वटा घर-गोठ जलेका छन् । एक जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी प्रमुख डिएसपी नवराज पोखेलका अनुसार जिल्लाका बाँफिकोट गाउँपालिका, सानोभेरी गाउँपालिका, त्रिवेणी गाउँपालिका, आठविसकोट नगरपालिका र चौरजहारी नगरपालिकामा आगलागीले क्षति पुऱ्याएको छ ।

'तीन वटा पालिकामा धेरै क्षति भएको छ, दुईवटा पालिकामा हालसम्म अन्य पालिकाको तुलनामा कमै क्षति भएको छ,' पोखेलले भने। जिल्ला प्रहरी कार्यालय सल्यानको तथ्याङ्कअनुसार यो वर्षको पुस महिना यता २५ जिल्लाभर २५ वटा घर जलेका छन् । त्यस्तै २० वटा गोठ र आठ वटा पसल जलेका छन् । यसबाट २ करोड ७५ लाख रूपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ।

जिल्लाका १० वटै पालिकाका केही बस्तीहरू आगलागीबाट प्रभावित बनेको सल्यानका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक नविन कार्कीले जानकारी दिए।

## दैलेखमा चार सय ५० हेक्टर क्षेत्रफल जंगलमा आगलागी

यहाँको जिल्लामा ४५० हेक्टर जंगल क्षेत्रफलमा आगलागी भएको छ । गर्मियाममा नागरिकबाट हुने हेलचक्रयाईका कारण आगलागी हुने गरेको हो ।

जिल्लामा ७७ हजार ४७५ हेक्टर जमिन क्षेत्र जंगलले ओगटेको मध्ये ४५० हेक्टर जंगलमा आगलागी भएको डिभिजन वन कार्यालय दैलेखले जनाएको छ। जिल्लाको कुल क्षेत्रफल मध्ये ५२ प्रतिशत जमिन जंगलले ओगटेको छ । जिल्लाका ११ वटै स्थानीय तहका विभिन्न जंगलमा आगलागीले गर्दा दैलेख धुवाले ढाकेको छ । अन्य मौसमा डाडाकाँडा सजिलै देख्न सकिने आगलागीको धुवाँले गर्दा वारिकोपारि देख्न मुस्किल परेको छ । आम नागरिकको आँखामा धुवाँले असरपनि उत्तिकै पारेको छ। आगलागीका कारण वातावरणमा समेत प्रभाव परेकोले त्यसको मारमा जिल्लाबासी परेका छन् । जंगलमा लागेको आगलागी नियन्त्रणमा स्थानीयबासी, वन उपभोक्ता समिति र स्थानीय सरकारले चासो दिएका छैनन् । विकासका नाममा मनपरि सडक खन्ने स्थानीय सरकार, विपद् पूर्वतयारीमा योजना विहिन देखिन्छ। बर्षेनी लाखौं रकम विपदमा विनियोजन गरेपनि कार्यान्वयन शुन्य छ। नारायण नगरपालिकाले मात्र आगलागी जस्ता विपदमा दमकलको प्रयोग गरिन्छ । त्यस्तै दुल्लु नगरपालिकाले आगलागी नियन्त्रणका लागि एक मेसिनको प्रयोग गर्दै आएको नगर प्रमुख भरत प्रसाद रिजालले टेलिफोनबाट जानकारी दिए । दुई वटा नगरपालिकामा आगलागी नियन्त्रणका दमकल मेशिन भएपनि अन्य ९ वटा पालिकामा आगलागी नियन्त्रण कुनै मेशिन नै छैनन् । आठविस नगरपालिका, ठाटिकाँध गाउँपालिका, चामुण्डाबिन्द्रासैनी नगरपालिका, भैरवी गाउँपालिका, महाबु गाउँपालिका, नौमूले गाउँपालिका, भगवतीमाई गाउँपालिका, डुंगेश्वर गाउँपालिका र गुराँस गाउँपालिकाले दमकलको व्यवस्थापन छैन ।

आगलागी नियन्त्रणमा सम्बन्धित निकायको चासो नहुनुले जिल्लाका स्थानीय सरकारले नागरिकप्रति उत्तरदायि नभएको स्थानीयबासीले आरोप लगाउने गरेका छन्। स्थानीय सरकार कार्यकर्ता पाल्नको लागि सडक मात्र खन्छन् । तर हामीलाई चाहिने सम्पत्ति जोगाउन पहल गर्दैनन् ठाटीकाँध गाउँपालिकाका-१ का विशाल शाहीले बताए।


### घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

### घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

### ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)


## खजुरा गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
बाँके, लुम्बिनी प्रदेश, नेपाल

### ठेक्का स्विकृति गर्ने आशयको सूचना

(प्रथम पटक सुचना प्रकाशित मितिः २०८१।०१।२०

यस गाउँपालिकाको मिति २०८०।१२।१४ गते नागरिक दैनिक राष्ट्रिय पत्रिकामा दोस्रो पटक प्रकाशित सुचना अनुसार सिलबन्दि दरभाउपत्र आह्वान भइ तोकिएको म्याद भित्र सिलबन्दि दरभाउपत्र प्रस्तावमा दर्ता गर्ने निर्माण कम्पनिहरु बाट मिति २०८१।०१।०२ मा प्रस्ताव खोली मुल्यांकन गर्दा तपशिल बमोजिमका सिलबन्दि दरभाउपत्र दाताको सिलबनिद दरभाउपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिन्छ ।

| क्र. सं. | ठेक्का नं. | ठेकेदारको नाम | योजनाको नाम | भ्याट र पि.एस.सहित कबोल अंक रु. | कै. |
|---|---|---|---|---|---|
| १. | KRM/SQ/ GOODS/ 20/2080-81 | Asian Techno Traders Pvt. Ltd. Lalitpur, Nepal | Procurement, Installation and Commissioning of Medical Equipment | रु.६९८३४०।०० | |

## खजुरा गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
बाँके, लुम्बिनी प्रदेश, नेपाल

### ठेक्का स्विकृति गर्ने आशयको सूचना

(प्रथम पटक सुचना प्रकाशित मितिः २०८१।०१।२०

यस गाउँपालिकाको मिति २०८०।१२।१८ गते नागरिक दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सुचना अनुसार बोलपत्र आह्वान भइ तोकिएको म्याद भित्र बोलपत्र प्रस्तावमा दर्ता गर्ने निर्माण कम्पनिहरु बाट मिति २०८१।०१।१९ मा प्रस्ताव खोली मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ ।

| क्र. सं. | ठेक्का नं. | ठेकेदारको नाम | योजनाको नाम | भ्याट र पि.एस.सहित कबोल अंक रु. | कै. |
|---|---|---|---|---|---|
| १. | KRM/NCB/ WORKS/ 30/2080-81 | जयगुरुदेव कन्स्ट्रक्सनगुलरिया, बर्दिया | गाउँपालिका भित्रका विपन्न परिवार हरुको घर फुसको छाना हटाई टिनको छाना लगाउने कार्यक्रम | रु.७३९४६०८.७ | |

## प्रदेश...

उपचार गर्न प्रदेश अस्पताल पुगेकी भीमालाई अस्पतालले भोलिपल्ट मृत घोषणा गरिदिएको थियो । सामान्य अवस्थामा अस्पताल आएकी भीमाको मृत्यु भएपछि आफन्तले अस्पतालको लापर्वाही भएको आरोप लगाउँदै निष्पक्ष छानबिन, दोषीमाथी कारबाही र उचित क्षतिपूर्तिको माग राख्दै आन्दोलित बनेका थिए ।झण्डै एक साताभन्दा बढी वीरेन्द्रनगरमा आन्दोलित बनेका आफन्तले राखेका माग पूरा गर्न अस्पताल, जिल्ला प्रशासन कार्यालय र प्रदेश सरकार तयार नभएपछि भीमाको शव अस्पतालमै छाडेर घर फर्किएका थिए। मृतक भीमाको शव २३ दिनदेखि अस्पतालको शवगृहमा अलपत्र छ। मृतक भीमाकी आठमहिने नाबालिका छोरीको पालनपोषणका लागि उचित व्यवस्था, परिवारका सदस्य मध्ये एक जनालाई रोजगारी, बालिकाको पठनपाठनको ग्यारेन्टी र घटनाको उच्चस्तरीय छानबिन समिति गठनको माग राखेर गरिएको शान्तिपूर्ण आन्दोलनको सुनुवाई नभएपछि उनको परिवार अदालतको ढोका गुहार्न बाध्य भएको थियो ।


### जग्गा विक्रीमा रहेको सूचना






परिस्थितिले मान्छेलाई दास बनाउँछ। राम्रो भनेको राम्रै हो । सेन्टरमा ठाउँ पाउँन गार्हो छ र दुर्लभ वस्तुको महत्व वेग्लै हुन्छ । राम्रोलाई सबैले हेर्न मिल्छ तर पाउने र नजर अन्दाज गर्ने भनेको दमदार र अठोटवालाले हो। राम्रोको मुल्य महंगो हुनु स्वभाविक हो । राम्रो मालले मानविय जीवन सुन्दर र आरामदायी बनाउछ।

सुर्खेतको मुटु, सुर्खेत जुम्ला रोड रत्न राजमार्गसंग जोडीएर रहेको कि.नं १८७३ को ८ मि. मोहोडा ५२ मि . पिछाड मध्य ६ मी. चौंडाई × २५ मी. लम्वाई भएको ठाउँ र आकार मिलेको चार पाँच वर्ष अगाडी १ मि. को मुल्य रू पचास लाख पर्ने, ६ मि. को मुल्य रू. ३ करोडमा किनबेच भई चलिरहेको जग्गा उचित मुल्यमा तुरुन्त बिक्रीमा छ। ईच्छुक महानुभावहरुले मौकाको फाईदा उठाउनु होला।

**सम्पर्क नंबर:**- ९८६८०९३४००/९८०४५५५८९९/९८४८१४२२३२
**स्थान:**- एरीचौक, सुर्खेत हस्पिटल भन्दा करीव ७० मि. अगाडि वाँया साईड ।




### युगन्यूज के हो ?

सूचना र प्रविधि वर्तमान समयको उत्कृष्ट र अत्यावश्यक औजार हो । सूचना, प्रविधिको विकाससँगै आम नागरिकहरुको दैनिकी बदलिएको छ । प्रविधिले विश्वलाई एउटा सानो डिभाइस, हातको मोवाईल सेटमा सिमित गरेको छ । सूचना, शिक्षा, जानकारी, मनोरञ्जन लिनका लागि आम नागरिकहरु इन्टरनेटको माध्यमबाट विभिन्न सामाजिक सञ्जालका प्लेटफर्महरुमा निर्भरता रहेको देखिन्छ । यसलाई आत्मसाथ गर्दै सूचनाको खोजिमा दौडिरहेका, भौतारिएका, अलमल्ल परेका आम नागरिक, पाठक, स्रोता, दर्शकलाई एउटै प्लेटफर्मबाट विधित सूचना प्रवाह गरिएको छ । समाचार, मनोरञ्जन, सरकारी, अर्ध सरकारी, बैंक, वित्तीय संस्था, शैक्षिक संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुमा हुने रोजगारीका विभिन्न अवसरका सार्वजनिक सूचना प्रदान गर्ने, स्थानीय उद्यमशिलता र उत्पादनको डिजिटल मार्केटिङ गरी विश्वभर प्रचार प्रसार गर्ने गरिएको छ । साथै सार्वजनिक सेवा प्रवाह तथा खरिद प्रक्रियाको सरकारी तथा गैरसरकारी निकायका बोलपत्र, शिलबन्दी, आशयपत्र, प्रस्ताव आव्हान जस्ता सबै प्रकृतिका सूचनाहरु स:शुल्क र नि:शुल्क उपलब्ध गराउँदै युगन्यूट डटकमलाई सूचनाको केन्द्र विन्दुको रुपमा विकास गर्ने कार्यको शुभारम्भ भएको छ । युगआव्हान राष्ट्रिय दैनिक प्रिन्ट मिडियाको २४औं वर्ष प्रवेश गरेको शुभ अवसरमा २०८१ वैशाख १ गते औपचारिक रुपमा भव्य कार्यक्रम गरी विभिन्न साइट र मोवाइल एपको शुभारम्भ गरिएको थियो । मिडियाको डिजिटल दुनियामा युगन्यूज डटकमलाई आत्मसाथ गर्दै jobkarnali.com, tenderkarnali.com, ebazar.yugnews.com को छुट्टा छुट्टै वेवसाइट, लगइन सेवा उपयोगको सिस्टम फरक फरक निर्माण गरी सञ्चालन गर्नुका साथै सबैको हात-हात, पकेट-पकेटमा बस्नका लागि एकीकृत मोवाईल एप सञ्चालनमा ल्याइएको छ ।

**टेण्डर कर्णाली** : सार्वजनिक खरिद प्रक्रियालाई खुल्ला बजारमा निस्पक्ष-स्वतन्त्र प्रतिस्पर्धा, मितव्ययीता, सुशासनयुक्त, पारदर्शिता, जवाफदेहीता सहित जनउत्तरदायी सार्वजनिक खरिद प्रक्रिया बनाउँदै बोलपत्र आव्हान, सिलबन्दी आव्हान, दरभाउपत्र आव्हान, मुल्यसूची, प्रस्तावना-पत्र, आशय स्वीकृतिका सबै सूचनाहरुलाई केन्द्रीकृत गरी युगन्यज डटकमको प्लेटफर्मबाट सरोकार राख्ने उत्पादक, उद्योग, निर्माण व्यवसायी, विभिन्न प्रकृतिका सप्लायर्स तथा आम नागरिकहरुलाई सर्वसुलभ र सहज रुपमा सुसूचित गराईनेछ ।
यसको सेवा उपयोग सशुल्क राखिएको छ ।
**एक वर्षको अग्रीम शुल्क** रू.२०००।-
**तीन वर्षको अग्रिम शुल्क** रू.५५००।-
**पाँच वर्षको अग्रिम शुल्क** रू. ७५००।-

**जब कर्णाली** : मानव जनशक्तिको खोजिमा रहेका कार्यालय र उपयुक्त अवसरको खोजिमा रहेका सिप तथा क्षमतावान नेपाली युवाहरुलाई जोड्ने काम गरिनेछ । श्रम बजारका अवसरहरुको सम्पूर्ण सूचना सम्प्रेषण गरी रोजगारदाता र रोजगारकर्तावीच प्रविधिको माध्यमबाट माग, आवेदन, आपूर्ति, समन्वय, सहकार्य, छलफल गरिनेछ । संघ र प्रदेश तहमा रहेका सम्पूर्ण लोकसेवा आयोगका सबै खाले सूचना तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था, बैंक-वित्तीय संस्थाहरुको कर्मचारी आवश्यकता सम्बन्धिका सम्पूर्ण सूचनाहरु नि:शुल्क उपलब्ध गराईनेछ ।
भौगोलिक विकटताले क्षमतावान युवाहरु आवेदन खोलिएकै स्थानमा पुगेर आफ्ना सम्पूर्ण विवरणसहित आवेदन दिन सक्ने अवस्था हुँदैन, धेरै खर्चिलो हुन्छ, यसको उपयुक्त समाधानका लागि हामीले यो प्लेटफर्म सञ्चालनमा ल्याएका छौं । यसैका माध्यमबाट सम्बन्धित निकायसम्म पुग्नु पर्दैन, आफु भएकै स्थानबाट मोवाइल सेट प्रयोग गरी आवेदन दिई, रसिदसहित सवमिट गरेपछि सम्बन्धित निकायको इमेलमा सबै कागजात विवरण पुग्ने गरी हामीले सिस्टम बनाएका छौं । हाम्रो यो साइट नि:शुल्क रुपमा उपयोग गर्न सकिनेछ । सूचना प्रकाशन गर्ने निकायहरुलाइ निश्चित शुल्क निर्धारण गरिएको छ ।

**ई-बजार** : वर्तमान समय र परिस्थितिमा समस्या, अवसर र चुनौतिलाई आत्मसाथ गरी आफुसँग भएका सम्पत्ति (घर-जग्गा, सवारी साधान, धनमाल) दोस्रो बजारमा खरिद तथा विक्री गर्न चाहनेहरुका लागि उपयुक्त सार्वजनिक साझा थलो हो । खुल्ला विश्व बजारमा अर्गानिक तथा रैथाने खाद्य सामग्री, मौलिक संस्कार र संस्कृतिको पहिचान झल्काउने बाजा, लत्ता-कपडा-भेषभुसा-गरगहना, परम्परागत सिप तथा स्थानीय कच्चा पदार्थबाट उत्पादित सामग्रीलाई बजारिकरण गरी उद्यमशिलता र स्वरोजगार सृजना गर्ने लक्ष्य राखिएको छ ।


**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **प्रधान कार्यालय**: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।